# नेपाल विश्वविद्यालय ऐन, २०८१

*प्रमाणीकरण मिति*
२०८१।०६।२३

## संवत् २०८१ सालको ऐन नं. ११
## नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** उच्च शिक्षाको अध्ययन, अध्यापन तथा अनुसन्धानलाई गुणस्तरीय, जीवनोपयोगी, नवप्रवर्तनकारी तथा समयसापेक्ष बनाई मुलुकको सर्वाङ्गीण विकासका लागि योगदान दिन सक्ने दक्ष, जिम्मेवार, सिर्जनशील, उद्यमशील र प्रतिस्पर्धी मानवस्रोत उत्पादन गर्ने उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा सार्वजनिक विश्वविद्यालय स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल विश्वविद्यालय ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यापक" भन्नाले विश्वविद्यालयको प्राध्यापक, सहप्राध्यापक वा उपप्राध्यापक सम्झनु पर्छ र सो शब्दले इन्डाउड प्राध्यापक, विशिष्ट (इमिरेट्स) प्राध्यापक,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

कार्यानुभवी प्राध्यापक (प्रोफेसर अफ प्राक्टिस), प्रशिक्षक वा आगन्तुक प्राध्यापक (भिजिटिङ्ग प्रोफेसर) लाई समेत जनाउँछ।

(ख) "उपकुलपति" भन्नाले दफा १८ बमोजिमको उपकुलपति सम्झनु पर्छ।

(ग) "कुलपति" भन्नाले दफा १७ बमोजिमको कुलपति सम्झनु पर्छ।

(घ) "डीन" भन्नाले दफा २६ बमोजिमको डीन सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "पदाधिकारी" भन्नाले दफा ६ बमोजिमको पदाधिकारी सम्झनु पर्छ।

(छ) "परिषद्" भन्नाले दफा ७ बमोजिमको संरक्षक परिषद् सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) "विश्वविद्यालय" भन्नाले दफा ३ बमोजिमको नेपाल विश्वविद्यालय सम्झनु पर्छ।

(ञ) “शिक्षाविद्” भन्नाले नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि प्राप्त गरेको र अध्ययन, अध्यापन वा अनुसन्धानको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको व्यक्ति सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ।

## परिच्छेद-२

## विश्वविद्यालयको स्थापना

३. **विश्वविद्यालयको स्थापना**: (१) अन्तरविधात्मक अवधारणा (लिबरल आर्टस्) मा आधारित बहुविधागत गुणस्तरीय अध्ययन, अध्यापन र अनुसन्धान मार्फत दक्ष, जिम्मेवार, सिर्जनशील र प्रतिस्पर्धी मानवस्रोतको उत्पादन गर्न, नवीनतम ज्ञानको सिर्जना र नवप्रवर्तन गर्दै समुन्नत राष्ट्र निर्माणमा योगदान पुऱ्याउन नेपाल विश्वविद्यालयको स्थापना गरिएको छ।

(२) परिषद्को सिफारिसमा काठमाडौं उपत्यकाबाहिर नेपाल सरकारले तोकेको स्थानमा विश्वविद्यालय र त्यसको केन्द्रीय कार्यालय रहनेछ।

४. **विश्वविद्यालय स्वायत्त, स्वशासित र सङ्गठित संस्था हुने**: (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला स्वायत्त, स्वशासित र सङ्गठित संस्था हुनेछ र यो कानूनी व्यक्ति हुनेछ।

(२) विश्वविद्यालयले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## परिच्छेद-३

## विश्वविद्यालयको सङ्गठन र पदाधिकारी

५. **विश्वविद्यालयको सङ्गठनः** विश्वविद्यालयको सङ्गठनात्मक संरचना देहाय बमोजिम हुनेछ र त्यस्ता सङ्गठनको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछः-

(क) संरक्षक परिषद्,

(ख) प्राज्ञिक परिषद्,

(ग) कार्यकारी परिषद्,

(घ) अनुसन्धान केन्द्र, र

(ङ) स्कूल।

६. **विश्वविद्यालयका पदाधिकारीः** विश्वविद्यालयमा देहायका पदाधिकारी रहनेछन्ः-

(क) कुलपति,

(ख) उपकुलपति,

(ग) रजिष्ट्रार,

(घ) डीन, र

(ङ) निर्देशक।

७. **संरक्षक परिषद्ः** (१) विश्वविद्यालयको सर्वोच्च निकायको रूपमा देहाय बमोजिमको संरक्षक परिषद् रहनेछः-

(क) उपकुलपति - सदस्य

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) विश्वविद्यालय अनुदान आयोगको सचिव - सदस्य

(घ) विश्वविद्यालय रहेको प्रदेशको शिक्षा विषय हेर्ने मन्त्रालयको

सचिव – सदस्य

(ङ) विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको स्थानीय तहको प्रमुख – सदस्य

(च) शैक्षिक विकास तथा उन्नयनको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएका शिक्षाविद्‌मध्येबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना – सदस्य

(छ) नेपालमा विश्वविद्यालय स्थापना वा सञ्चालनमा योगदान पुऱ्याएका वा प्राज्ञिक व्यक्तिमध्येबाट मनोनीत कम्तीमा दुईजना महिलासहित पाँचजना – सदस्य

(ज) उद्योगपति, रोजगारदाता र किसानमध्येबाट एक-एकजना हुने गरी मनोनीत तीनजना – सदस्य

(झ) संरक्षक परिषद्‌ले निर्धारण गरे बमोजिमको आर्थिक सहयोग विश्वविद्यालयलाई उपलब्ध गराउने दातामध्येबाट मनोनीत दुईजना – सदस्य

(ञ) सार्वजनिक प्रशासन, व्यवस्थापन, प्राज्ञिक अनुसन्धानको क्षेत्रमा योगदान गरेका वा नेपाल

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सरकारको सेवाको उच्च तहमा रही अनुभवप्राप्त व्यक्तिमध्येबाट मनोनीत कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य

(ट) रजिष्ट्रार - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ङ) को प्रयोजनको लागि विश्वविद्यालय एकभन्दा बढी स्थानीय तहमा रहेमा त्यस्ता स्थानीय तहको नामको नेपाली वर्णानुक्रम अनुसार प्रत्येक वर्ष आलोपालो हुने गरी स्थानीय तहको प्रमुखले परिषद्मा प्रतिनिधित्व गर्नेछ ।

(३) उपदफा (१) को खण्ड (च), (छ), (ज), (झ) र (ञ) बमोजिमका सदस्यको मनोनयन दफा २० बमोजिमको सिफारिस समितिको सिफारिसमा कुलपतिले गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि पहिलो पटकका लागि उपदफा (१) को खण्ड (च), (छ), (ज), (झ) र (ञ) बमोजिमका सदस्यको मनोनयन नेपाल विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिको सिफारिसमा मन्त्रालयले गर्नेछ।

(५) दफा २० बमोजिमको सिफारिस समितिले उपदफा (३) बमोजिम सदस्य मनोनयनका लागि सिफारिस गर्दा वा उपदफा (४) बमोजिम मनोनयन गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

तर यो ऐन प्रारम्भ भएपछि उपदफा (४) बमोजिम मनोनयन भएका सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइ सदस्यको दुई वर्ष, अर्को एक तिहाइ सदस्यको तीन वर्ष र बाँकी एक तिहाइ सदस्यको चार वर्षको हुने गरी पदावधि कायम गर्नु पर्नेछ।

(७) उपदफा (४) बमोजिम मनोनयन भएका सदस्यको पदावधि उपदफा (६) को अधीनमा रही मनोनयन भएको मितिबाट प्रारम्भ हुनेछ।

(८) यस दफा बमोजिम मनोनयन हुने सदस्यको पद रिक्त भएमा जुन समूहबाट रिक्त भएको हो सोही समूहबाट मनोनयन गर्नु पर्नेछ ।

(९) देहायको योग्यता भएको व्यक्ति उपदफा (१) बमोजिमको सदस्य मनोनीत हुन योग्य हुनेछः-

(क) पैंतिस वर्ष उमेर पूरा भएको,

(ख) मान्यताप्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(घ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य नरहेको, र

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ङ)	उच्च नैतिक चरित्र भएको।

तर उपदफा (१) को खण्ड (झ) बमोजिम मनोनीत हुने सदस्यको हकमा खण्ड (क) र (ख) को व्यवस्था लागू हुनेछैन।

(१०) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि समाप्त हुनुभन्दा तीन महिना अगावै यस दफा बमोजिम मनोनयन प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(११) उपदफा (१) बमोजिम मनोनीत कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरूपको आचरण नगरेको वा इमानदारीपूर्वक आफ्नो कर्तव्य पालना नगरेको वा विश्वविद्यालयको हित विपरीत कुनै काम गरेको वा निज नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहर भएको अवस्थामा परिषद्ले त्यस्तो सदस्यलाई पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई सफाइ पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(१२) परिषद्को कुनै सदस्य मनासिब कारण बाहेक कुलपतिलाई पूर्वजानकारी नगराई परिषद्को बैठकमा लगातार तीन पटकभन्दा बढी अनुपस्थित भएमा त्यस्तो सदस्य आफ्नो पदबाट स्वतः मुक्त हुनेछ।

८. **<u>परिषद्को बैठक</u>**: (१) परिषद्को बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ।

(२) उपदफा (१) बमोजिम परिषद्को एक बैठक र अर्को बैठकबीचको अन्तराल चार महिनाभन्दा बढी हुने छैन।

(३) परिषद्को बैठक कुलपतिले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) परिषद्को बैठक बस्नुभन्दा कम्तीमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको प्रस्तावको कार्यसूची सहितको सूचना परिषद्को सदस्य-सचिवले सबै सदस्यलाई दिनु पर्नेछ।

(५) परिषद्मा तत्काल कायम रहेको सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) परिषद्को बैठकको अध्यक्षता कुलपतिले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता उपकुलपतिले गर्नेछ।

(७) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) परिषद्को बैठकको निर्णय परिषद्को अध्यक्षता गर्ने व्यक्ति र सदस्य–सचिवबाट प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।

(९) परिषद्को बैठकमा विश्वविद्यालयका प्राध्यापक वा विद्यार्थी प्रतिनिधि वा विशिष्ट स्वदेशी वा विदेशी विद्वान् वा ख्यातिप्राप्त विश्वविद्यालयका प्राध्यापक वा शिक्षाविद्लाई आमन्त्रण गर्न सकिनेछ।

तर त्यस्तो व्यक्तिलाई मत दिने अधिकार हुने छैन।

(१०) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

९. **विशेष बैठक सम्बन्धी व्यवस्था**: (१) परिषद्को एक चौथाइ सदस्यले आधार र कारण खुलाई परिषद्को विशेष बैठक बोलाउन माग गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम विशेष बैठक बोलाउन माग गरेमा कुलपतिले त्यस्तो माग भएको मितिले पन्ध्र दिनभित्र बैठक बोलाउनु पर्नेछ र त्यस्तो बैठकमा उपदफा (१) बमोजिम बैठक बोलाइएको विषयमा मात्र छलफल र निर्णय हुन सक्नेछ।

(३) उपदफा (२) बमोजिम कुलपति नभएमा वा निजले बैठक नबोलाएमा उपदफा (२) बमोजिमको अवधि समाप्त भएको मितिले उपकुलपति भए सात दिनभित्र र उपकुलपति नभएमा वा निजले समेत बैठक नबोलाएमा सदस्यहरूमध्ये उमेरको हिसाबले सबैभन्दा ज्येष्ठ सदस्यले बैठक बोलाउनेछ र त्यस्तो बैठकको अध्यक्षता उपस्थित सदस्यहरूमध्ये ज्येष्ठ सदस्यले गर्नेछ।

(४) विशेष बैठकको सञ्चालन र निर्णय प्रक्रिया सम्बन्धी अन्य व्यवस्था दफा ८ बमोजिम हुनेछ।

१०. **परिषद्को काम, कर्तव्य र अधिकार**: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको प्राज्ञिक, शैक्षिक, आर्थिक र व्यवस्थापन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने,

(ख) विश्वविद्यालयको उद्देश्य अनुरूप विश्वविद्यालयको अल्पकालीन तथा दीर्घकालीन योजना तथा रणनीति स्वीकृत गर्ने,

(ग) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(घ) विश्वविद्यालयका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने वा गराउने,

(ङ) विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरू निर्धारण र स्वीकृत गर्ने,

(च) विश्वविद्यालयको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्कूल, अनुसन्धान केन्द्र स्थापना तथा नयाँ कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने,

(छ) विश्वविद्यालयको प्राज्ञिक मूल्य र मान्यतालाई संरक्षण र सम्वर्द्धन गर्ने,

(ज) विश्वविद्यालयको लागि आवश्यक आर्थिक स्रोत जुटाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा सम्पर्क, वार्ता तथा सहकार्य गर्ने वा गराउने,

(झ) विश्वविद्यालयको भौतिक संरचनाको गुरुयोजना तयार गरी निर्माण गर्ने वा गराउने,

(ञ) लेखापरीक्षक नियुक्त गर्ने, लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनमा छलफल गरी स्वीकृत गर्ने,

(ट) परिषद्को वार्षिक प्रतिवेदनमा छलफल गरी स्वीकृत गर्ने, र

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ठ) विश्वविद्यालयको उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कार्य गर्ने।

११. **प्राज्ञिक परिषद्को गठन**: (१) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान कार्यलाई व्यवस्थित गर्ने निकायको रूपमा काम गर्न देहाय बमोजिमको प्राज्ञिक परिषद् रहनेछः-

(क) उपकुलपति - संयोजक

(ख) डीनहरूमध्येबाट एकजना - सदस्य

(ग) निर्देशकहरूमध्येबाट एकजना - सदस्य

(घ) विश्वविद्यालयका प्राध्यापकहरूमध्येबाट कम्तीमा एकजना महिलासहित तीनजना - सदस्य

(ङ) विश्वविद्यालयबाट सञ्चालित कार्यक्रममध्ये फरक-फरक विधाको प्रतिनिधित्व हुने गरी विषय विज्ञमध्येबाट कम्तीमा एकजना महिलासहित दुईजना - सदस्य

(च) रजिष्ट्रार - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमका सदस्यको मनोनयन उपकुलपतिको सिफारिसमा परिषद्बाट हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ) र (ङ) बमाजिमका मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) प्राज्ञिक परिषद्को बैठकमा स्वदेशी, विदेशी वा गैरआवासीय नेपाली प्राध्यापक, अनुसन्धानकर्ता वा विद्यार्थी प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि प्राज्ञिक परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **<u>प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार</u>**ः प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको आवश्यकता, औचित्य तथा संस्थागत क्षमताको मूल्याङ्कन गरी विश्वविद्यालयले सञ्चालन गर्ने विभिन्न विधाका प्राज्ञिक कार्यक्रमहरू स्वीकृत गर्ने,

(ख) विश्वविद्यालयमा अध्ययन र प्रशिक्षण हुने विषयको पाठ्यक्रम, शिक्षण विधि र परीक्षा प्रणाली स्वीकृत गर्ने,

(ग) विश्वविद्यालय अन्तर्गत सञ्चालन हुने प्राज्ञिक कार्यक्रमहरूको उत्कृष्टता सुनिश्चित गर्ने,

(घ) विश्वविद्यालयको प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यक्रमको नीति निर्धारण गर्ने,

(ङ) अध्यापकको शैक्षिक योग्यता निर्धारण गर्ने,

(च) विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थीको योग्यता, भर्ना हुने विद्यार्थीको सङ्ख्या र भर्ना हुन चाहिने आधार, मापदण्ड, मूल्याङ्कन विधि र प्रक्रिया तोक्ने,

(छ) विश्वविद्यालयको शैक्षिक गुणस्तर कायम राख्न आवश्यक कार्य गर्ने,

(ज) विश्वविद्यालयद्वारा प्रदान गरिने विभिन्न उपाधिको लागि परिषद्मा सिफारिस गर्ने तथा स्वीकृत उपाधि प्रदान गर्ने,

(झ) प्राज्ञिक, अनुसन्धान तथा अन्वेषणका विषयमा कार्यकारी परिषद्लाई सुझाव दिने,

(ञ) प्राज्ञिक परिषद्को कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यकता अनुसार समिति वा कार्यदल गठन गर्ने, र

(ट) प्राज्ञिक परिषद्सँग सम्बन्धित अन्य कार्य गर्ने।

१३. **<u>कार्यकारी परिषद्</u>**: (१) विश्वविद्यालयको कार्यकारी निकायको रूपमा काम गर्न देहाय बमोजिमको कार्यकारी परिषद् रहनेछः-

(क) उपकुलपति - संयोजक

(ख) डीनहरूमध्येबाट एकजना - सदस्य

(ग) निर्देशकहरूमध्येबाट एकजना - सदस्य

(घ) विश्वविद्यालयका प्राध्यापकहरूमध्येबाट एकजना - सदस्य

(ङ) रजिष्ट्रार - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमका सदस्यको मनोनयन उपकुलपतिको सिफारिसमा परिषद्बाट हुनेछ।

(३) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि कार्यकारी परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **<u>कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार</u>**: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त

कार्यकारी परिषद्‌को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्‌को निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने,

(ख) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि परिषद्‌मा पेस गर्ने,

(ग) विश्वविद्यालयको कोष तथा चल, अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

(घ) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्कूलको सञ्चालन तथा नयाँ कार्यक्रम सञ्चालन गर्न परिषद्‌मा प्रस्ताव पेस गर्ने,

(ङ) अध्ययन शुल्क निर्धारण गर्ने,

(च) विश्वविद्यालयले प्रदान गर्ने शैक्षिक, अनुसन्धान तथा प्रकाशनको गुणस्तर सुनिश्चित गर्ने वा गराउने,

(छ) विश्वविद्यालयलाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सहकारी तथा निजी क्षेत्रबीच समन्वय र सहकार्य गर्ने,

(ज) विश्वविद्यालयको काम कारबाहीका सम्बन्धमा आएका जनगुनासो सुनुवाइ गर्ने वा गराउने,

(झ) विश्वविद्यालयलाई आवश्यक पर्ने आर्थिक र भौतिक स्रोत जुटाउने, र

(ञ) परिषद्ले तोकेका अन्य कार्य गर्ने वा गराउने।

## परिच्छेद-४

## स्कूल र अनुसन्धान केन्द्र

**१५.** स्कूलः (१) विश्वविद्यालयमा अध्ययन, अध्यापन र अनुसन्धान गर्ने प्रयोजनका लागि आवश्यक सङ्ख्यामा विधागत स्कूलहरू रहनेछन्।

(२) विद्यार्थी सङ्ख्या, भौतिक स्रोत र साधनको पर्याप्तता तथा कार्यबोझका आधारमा एक वा एकभन्दा बढी कार्यक्रम एउटै स्कूल अन्तर्गत सञ्चालन गर्न सकिनेछ।

(३) स्कूल सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१६.** अनुसन्धान केन्द्रः (१) विश्वविद्यालयमा अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्य गर्नका लागि आवश्यकता अनुसार अनुसन्धान केन्द्रहरू रहन सक्नेछन् ।

(२) अनुसन्धान केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

कानून तथा न्याय मन्त्रालय

## परिच्छेद-५

## विश्वविद्यालयका पदाधिकारी, अध्यापक तथा कर्मचारी

**१७. <u>कुलपति</u>**ः (१) कुलपति विश्वविद्यालयको प्रमुख हुनेछ।

(२) कुलपतिले विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता गर्नेछ।

(३) परिषद्का सदस्यले दफा ७ को उपदफा (१) को खण्ड (च), (छ), (ज), (झ) र (ञ) बमोजिम मनोनीत सदस्यमध्येबाट कुलपति छनोट गर्नेछन्।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि कुलपतिको नियुक्ति नभएसम्मको लागि दफा ७ को उपदफा (४) बमोजिमका मनोनीत सदस्यमध्येबाट नेपाल विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिको सिफारिसमा मन्त्रालयले तोकेको सदस्यले संरक्षक परिषद्को अध्यक्षको रूपमा कार्य गर्नेछ।

(५) कुलपतिको पदावधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अगावै छनोट प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(६) कुलपतिको पदावधि चार वर्षको हुनेछ र निज अर्को कार्यकालको लागि पुनः नियुक्त हुन सक्नेछ।

**१८. <u>उपकुलपति</u>**ः (१) विश्वविद्यालयको कार्यकारी प्रमुखको हैसियतमा कार्यसम्पादन गर्न विश्वविद्यालयमा एकजना उपकुलपति रहनेछ।

(२) परिषद्ले दफा २० बमोजिमको सिफारिस समितिको सिफारिसमा उपकुलपति नियुक्त गर्नेछ।

(३) उपकुलपतिको पदावधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अगावै नियुक्ति प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(४) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ र निज अर्को कार्यकालको लागि पुनः नियुक्त हुन सक्नेछ।

१९. **<u>उपकुलपतिको योग्यता</u>**ः देहायको योग्यता भएको व्यक्ति उपकुलपतिमा नियुक्त हुन योग्य हुनेछः-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट विद्यावारिधि उपाधि प्राप्त गरेको,

(ख) प्राज्ञिक क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव भएको,

(ग) शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापन सम्बन्धी सीप र कौशल प्रदर्शन गरेको,

(घ) पैंतिस वर्ष उमेर पूरा भएको, र

(ङ) उच्च नैतिक चरित्र भएको।

२०. **<u>सिफारिस समिति</u>**ः (१) परिषद्ले यस ऐन बमोजिम उपकुलपति, रजिष्ट्रार र परिषद्को सदस्य पदमा नियुक्तिका लागि सिफारिस गर्न कम्तीमा एकजना महिला रहने गरी देहाय बमोजिमको सिफारिस समिति गठन गर्नेछः-

(क) परिषद्ले तोकेको परिषद्को सदस्य - संयोजक

(ख) प्रचलित कानून बमोजिम स्थापना भएको विश्वविद्यालयको पूर्वउपकुलपति वा पूर्वअध्यक्ष वा प्राध्यापकमध्येबाट परिषद्ले मनोनयन गरेको एकजना - सदस्य

(ग) अर्थशास्त्र, ईन्जिनियरिङ्ग,

आर्किटेक्चर, कानून, व्यवस्थापन, विज्ञान, शिक्षा, समाजशास्त्र, चिकित्साशास्त्र, मानविकी वा शैक्षिक प्रशासन सम्बद्ध व्यक्तिमध्येबाट परिषद्ले मनोनयन गरेको एकजना - सदस्य

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले उपकुलपति वा रजिष्ट्रार पदमा नियुक्तिका लागि सिफारिस गर्न सार्वजनिक सूचना प्रकाशन गरी योग्य उम्मेदवारबाट दरखास्त आह्वान गर्नुपर्नेछ।

(३) सिफारिस समितिले उपदफा (२) बमोजिम प्राप्त दरखास्तको छनोट तथा नियुक्तिका लागि योग्य उम्मेदवारको सिफारिस तोकिए बमोजिम गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएको व्यक्तिलाई परिषद्ले पन्ध्र दिनभित्र उपकुलपति पदमा नियुक्ति गर्नु पर्नेछ।

२१. **<u>उपकुलपतिको काम, कर्तव्य र अधिकारः</u>** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को निर्णय र निर्देशन कार्यान्वयन गर्ने वा गराउने,

(ख) विश्वविद्यालयका सबै काम कारबाहीउपर नियन्त्रण र रेखदेख गर्ने,

(ग) विश्वविद्यालयको काम कारबाहीमा आफ्नो अधिकारक्षेत्रभित्र रहेको विषयमा निर्देशन दिने,

(घ) विश्वविद्यालयद्वारा सञ्चालित कार्यक्रमहरूको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने वा गराउने र सोको प्रतिवेदन कार्यकारी परिषद्मा पेस गर्ने वा गराउने,

(ङ) परिषद्मा पेस गर्नु पर्ने प्रस्ताव तयार गर्न लगाउने,

(च) विश्वविद्यालयको विकासका लागि अल्पकालीन र दीर्घकालीन कार्यक्रम तय गर्ने वा गराउने,

(छ) विश्वविद्यालयलाई आवश्यक पर्ने स्रोतको व्यवस्था गर्ने,

(ज) आर्थिक अनुशासन, मितव्ययिता र पारदर्शिता कायम गर्ने वा गराउने,

(झ) विश्वविद्यालयको सम्पत्तिको व्यवस्थापन, सुरक्षा र संरक्षण गर्ने वा गराउने,

(ञ) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भएदेखि बाहेकका अन्य काम गर्ने,

(ट) विश्वविद्यालयसँग सम्बन्धित जनगुनासो विश्लेषण गरी सोको सम्बोधन तथा व्यवस्थापन गर्ने,

(ठ) विश्वविद्यालयलाई आवश्यक पर्ने आर्थिक, शैक्षिक तथा भौतिक योजना तयार गर्ने, र

(ड) परिषद्ले तोकेका अन्य काम गर्ने।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) को खण्ड (ञ) बमोजिम उपकुलपतिले गरेको काम कारबाहीको जानकारी निजले लगत्तै बस्ने परिषद्को बैठकमा पेस गर्नु पर्नेछ।

(३) उपकुलपति आफ्नो काम कारबाहीका सम्बन्धमा परिषद्प्रति जवाफदेही हुनेछ।

२२. **<u>रजिष्ट्रार</u>**: (१) विश्वविद्यालयमा एकजना रजिष्ट्रार रहनेछ।

(२) रजिष्ट्रारको नियुक्ति दफा २० बमोजिमको सिफारिस समितिको सिफारिसमा कुलपतिले गर्नेछ।

(३) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

२३. **<u>रजिष्ट्रारको योग्यता</u>**: देहायको योग्यता भएको व्यक्ति रजिष्ट्रारमा नियुक्त हुन योग्य हुनेछः-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) उच्च शिक्षामा प्राज्ञिक वा शैक्षिक प्रशासन वा अनुसन्धानको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको,

(ग) प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र नेतृत्व कौशल प्रदर्शन गरेको,

(घ) पैंतिस वर्ष उमेर पूरा भएको, र

(ङ) उच्च नैतिक चरित्र भएको।

२४. **<u>रजिष्ट्रारको काम, कर्तव्य र अधिकार</u>**: (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको प्राज्ञिक मामिलाको समन्वय गर्ने,

(ख) शिक्षण, प्रशिक्षण र अनुसन्धानको स्तर कायम राख्ने,

(ग) विश्वविद्यालयको अनुसन्धान कार्यमा नेतृत्व र समन्वय गर्ने,

(घ) शैक्षिक कार्यक्रमको तयारी र कार्यान्वयनका सम्बन्धमा रेखदेख, अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने,

(ङ) अध्यापक तथा कर्मचारीको वृत्ति विकास र शैक्षिक आदानप्रदान कार्यक्रम सम्बन्धी कार्य गर्ने,

(च) पदक तथा छात्रवृत्ति प्रदान सम्बन्धी कार्य गर्ने,

(छ) पाठ्यक्रम, पाठ्यपुस्तक, पुस्तकालय, परीक्षा सम्बन्धी नीति, योजना र कार्यक्रमको निर्धारण, समन्वय तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(ज) शैक्षिक विषयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा समन्वय कायम गर्ने,

(झ) शैक्षिक प्रणालीको नियमन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ञ) विद्यार्थीहरूको अतिरिक्त क्रियाकलाप, खेलकुद, सामाजिक सेवा सम्बन्धी कार्यक्रमको नीति

निर्धारण तथा समन्वय र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(ट) मातहतका पदाधिकारी र शैक्षिक विभाग तथा शिक्षण संस्थाहरूको रेखदेख, नियन्त्रण, मूल्याङ्कन र समन्वय सम्बन्धी कार्य गर्ने,

(ठ) प्राज्ञिक र शैक्षिक गुणस्तर निर्धारण गर्न निर्देशन दिने,

(ड) शैक्षिक मामिलामा उपकुलपतिलाई राय/सुझाव तथा परामर्श दिने,

(ढ) अध्यापक तथा विश्वविद्यालयको कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

(ण) विश्वविद्यालयको कोष सञ्चालन, लेखा र लेखापरीक्षण गर्ने वा गराउने,

(त) विश्वविद्यालयका लागि आर्थिक स्रोत जुटाउने सम्बन्धी कार्य गर्ने,

(थ) आन्तरिक प्रशासन सम्बन्धी नीति तथा योजनाको तर्जुमा गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(द) विश्वविद्यालयको सम्पत्तिको व्यवस्थापन, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(ध) विश्वविद्यालयको आय-व्ययको अनुमान तयार गर्ने वा गराउने,

(न) स्कूल, अनुसन्धान केन्द्र लगायतका विश्वविद्यालय अन्तर्गतका सबै निकायको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

निरीक्षण गर्ने र प्रशासन तथा व्यवस्थापन कार्यमा कुनै त्रुटि देखिएमा सुधार गर्ने,

(प) विश्वविद्यालयद्वारा सञ्चालन गरिने परीक्षाको रेखदेख, नियन्त्रण र व्यवस्थापन गर्ने, र

(फ) कार्यकारी परिषद् तथा उपकुलपतिको निर्देशन बमोजिम अन्य कार्य गर्ने।

(२) उपदफा (१) बमोजिम रजिष्ट्रारले कार्यसम्पादन गर्दा उपकुलपतिको सामान्य नियन्त्रण र निर्देशनमा रही सम्पादन गर्नु पर्नेछ।

**२५.** **<u>पदबाट हटाउने</u>**: (१) कुलपतिले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी आधार र कारण सहित परिषद्मा तत्काल कायम रहेका कम्तीमा तीनजना सदस्यले परिषद्मा लिखित निवेदन दिन सक्नेछन्।

(२) उपकुलपतिले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी आधार र कारण सहित परिषद्मा तत्काल कायम रहेका कम्तीमा पाँचजना सदस्यले कुलपति समक्ष लिखित निवेदन दिन सक्नेछन्।

(३) रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी आधार र कारण सहित रजिष्ट्रारलाई पदबाट हटाउन उपकुलपतिले परिषद्मा सिफारिस गर्न सक्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) उपदफा (१) र (२) बमोजिम प्राप्त निवेदन वा उपदफा (३) बमोजिम उपकुलपतिको सिफारिसउपर छानबिन गर्न एक्काइस दिनभित्र परिषद्ले परिषद्को कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ।

(५) उपदफा (४) बमोजिमको छानबिन समितिले विश्वविद्यालयको पदाधिकारी वा अन्य विज्ञको समेत सहयोग लिन सक्नेछ।

(६) छानबिन समितिले छानबिन गर्दा कुलपति, उपकुलपति वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको देखिएमा पदबाट हटाउन परिषद् समक्ष सिफारिस गर्नेछ। त्यस्तो सिफारिस छानबिन सम्बन्धी कार्य प्रारम्भ गरेको मितिले एक महिनाभित्र गरिसक्नु पर्नेछ।

(७) उपदफा (४) बमोजिमको छानबिन समितिले सम्बन्धित पदाधिकारीलाई पदबाट हटाउने गरी सिफारिस गर्नुपूर्व निजउपर लागेको आरोपको सफाइ पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सिफारिस प्राप्त भएको मितिले तीस दिनभित्र परिषद्को तत्काल कायम रहेका बहुमत सदस्यले कुलपति, उपकुलपति वा रजिष्ट्रारलाई पदबाट हटाउने सम्बन्धमा निर्णय गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम पदबाट हटाउन सिफारिस गरेको मितिदेखि सोको अन्तिम निर्णय नभएसम्मका लागि

कुलपति, उपकुलपति वा रजिष्ट्रार आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

(१०) कुलपति, उपकुलपति वा रजिष्ट्रार निलम्बन भएको अवस्थामा निजले सम्पादन गर्ने कामको अर्को व्यवस्था परिषद्ले निर्णय गरे बमोजिम हुनेछ।

२६. **डीन**: (१) प्रत्येक स्कूल प्रमुखको हैसियतमा पूरा समय काम गर्ने पदाधिकारीको रूपमा एकजना डीन रहनेछ।

तर आवश्यक परेमा कुनै डीनलाई एकभन्दा बढी स्कूल प्रमुखको जिम्मेवारी दिन बाधा पर्ने छैन।

(२) मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विधामा स्नातकोत्तर उपाधि प्राप्त गरी कम्तीमा आठ वर्षको प्राध्यापन सम्बन्धी अनुभव हासिल गरेको व्यक्तिलाई उपकुलपतिको सिफारिसमा कार्यकारी परिषद्ले डीन नियुक्ति गर्नेछ।

(३) डीनको पदावधि चार वर्षको हुनेछ।

२७. **डीनको काम, कर्तव्य र अधिकार**: (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त डीनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्कूल प्रमुखको रूपमा प्राज्ञिक तथा शैक्षिक नेतृत्व गर्ने,

(ख) स्कूल अन्तर्गतका विषयमा पठनपाठन र अनुसन्धानको स्तर विकासका लागि आवश्यक पर्ने कार्य गर्ने वा गराउने,

(ग) स्कूल अन्तर्गत सञ्चालित पठनपाठन र अनुसन्धानको गुणस्तर विकासका लागि आवश्यक कार्य गर्ने वा गराउने,

(घ) स्कूल अन्तर्गत सञ्चालित शैक्षिक एवं अनुसन्धानको लागि सहयोग र सुविधा दिन सिफारिस गर्ने,

(ङ) कार्यकारी परिषद्बाट तोकिएका आफ्नो स्कूल अन्तर्गत सञ्चालित पठनपाठनको निरीक्षण, व्यवस्थापन, रेखदेख र समन्वयकर्ताको रूपमा काम गर्ने, र

(च) उपकुलपतिले तोकेको अन्य काम गर्ने वा गराउने।

(२) उपदफा (१) बमोजिम डीनले कार्य गर्दा उपकुलपतिको सामान्य नियन्त्रण र निर्देशनमा रही गर्नु पर्नेछ।

२८. **<u>निर्देशक</u>**: (१) अनुसन्धान केन्द्रको प्रमुखको रूपमा निर्देशक रहनेछ।

(२) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित विषय र क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेका व्यक्तिमध्येबाट उपकुलपतिको सिफारिसमा कार्यकारी परिषद्ले निर्देशक नियुक्ति गर्नेछ।

(३) निर्देशकको पदावधि चार वर्षको हुनेछ।

२९. **<u>निर्देशकको काम, कर्तव्य र अधिकार</u>**: (१) निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुसन्धान केन्द्रको आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने वा गराउने,

(ख) अनुसन्धान केन्द्रको वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गराई स्वीकृतिका लागि पेस गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनका लागि स्रोत व्यवस्थापन र परिचालन गर्ने, प्रत्यायोजित एवं निर्देशित काम गर्ने वा गराउने, र

(घ) उपकुलपतिले तोकेका अन्य काम गर्ने वा गराउने।

(२) उपदफा (१) बमोजिम निर्देशकले कार्य गर्दा उपकुलपतिको सामान्य नियन्त्रण र निर्देशनमा रही गर्नु पर्नेछ।

३०. **<u>डीन तथा निर्देशक हटाउने</u>:** (१) दफा २६ को उपदफा (३) र दफा २८ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि डीन तथा निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी कसैले पनि उपकुलपति समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा उल्लिखित व्यहोरा विश्वसनीय हो भन्ने आधार देखिएमा छानबिन गर्ने प्रयोजनको लागि कार्यकारी परिषद्ले कार्यकारी परिषद्को कुनै सदस्यको अध्यक्षतामा तीनजना सदस्य रहेको एक छानबिन समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको छानबिन समितिले छानबिन गर्दा डीन वा निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको देखिएमा त्यस्तो डीन वा निर्देशकलाई पदबाट हटाउन कार्यकारी परिषद्मा सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस प्राप्त भएमा कार्यकारी परिषद्ले त्यस्तो डीन वा निर्देशकलाई पदबाट हटाउन उपकुलपति समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (२) बमोजिमको छानबिन समितिले पदबाट हटाउने गरी सिफारिस गर्नुपूर्व सम्बन्धित व्यक्तिलाई सफाइ पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिमको सिफारिसको आधारमा उपकुलपतिले डीन वा निर्देशकलाई पदबाट हटाउनेछ।

३१. <u>अध्यापक, अनुसन्धानकर्ता तथा कर्मचारी सम्बन्धी व्यवस्था</u>ः (१) विश्वविद्यालयमा आवश्यक सङ्ख्यामा अध्यापक, अनुसन्धानकर्ता तथा कर्मचारी रहनेछन्।

(२) उपकुलपतिले विश्वविद्यालयको आफ्नै स्रोतबाट व्यहोर्ने गरी अध्यापक, अनुन्धानकर्ता तथा कर्मचारी नियुक्त गर्नेछ।

(३) विश्वविद्यालयका अध्यापक, अनुसन्धानकर्ता तथा कर्मचारी नियुक्तिको लागि सिफारिस गर्न परिषद्ले एक पदपूर्ति समिति गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको पदपूर्ति समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ।

(५) विश्वविद्यालयलाई आर्थिक भार नपर्ने गरी कुनै दाताले विश्वविद्यालयको नाममा तोकिए बमोजिमको रकम बराबरको अक्षयकोष खडा गरी कुनै विधा विशेषमा ख्यातिप्राप्त स्वदेशी वा विदेशी विशिष्ट विद्वानलाई विश्वविद्यालयको प्राज्ञिक वा अनुसन्धान कार्यमा योगदान गराउन चाहेमा परिषद्को



कानून किताब व्यवस्था समिति

सहमति लिई उपकुलपतिले त्यस्ता व्यक्तिलाई दाता वा दाताले इच्छाएको व्यक्तिको नाम जोडिएको इन्डाउड प्राध्यापक वा विभागीय प्रमुखको हैसियतमा नियुक्त गर्न सक्नेछ।

(६) विश्वविद्यालयको प्राज्ञिक वा अनुसन्धान कार्यमा लामो समयसम्म समर्पित भई विशिष्ट योगदान गरेका स्वदेशी वा विदेशी वरिष्ठ प्राध्यापकलाई आवश्यकता अनुसार परिषद्को स्वीकृतिमा तोकिए बमोजिमको प्रक्रियाबाट उपकुलपतिले विशिष्ट (इमेरिट्स) प्राध्यापकको रूपमा सम्मान प्रदान गर्न सक्नेछ।

(७) ज्ञानको कुनै विधा विशेषमा विशिष्ट क्षमता वा अनुभव भएका स्वदेशी वा विदेशी विज्ञ वा विद्वानलाई विश्वविद्यालयको आवश्यकता अनुसार तोकिए बमोजिमको प्रक्रिया पूरा गरी उपकुलपतिले आगन्तुक प्राध्यापक वा कार्यानुभवी प्राध्यापकको रूपमा नियुक्त गर्न सक्नेछ।

३२. **प्राज्ञिक सहकार्यः** (१) कुनै विदेशी विश्वविद्यालयसँग भएको प्राविधिक सहायता, सम्झौता वा समझदारी बमोजिम त्यस्तो विदेशी विश्वविद्यालयको बहालवाला वा सेवानिवृत्त अध्यापक वा विज्ञले स्वयंसेवकको रूपमा वा त्यस्तो विदेशी विश्वविद्यालयले निजको पारिश्रमिक व्यहोर्ने गरी विश्वविद्यालयमा अध्ययन, अध्यापन, प्रशिक्षण वा अन्य कुनै प्राज्ञिक कार्यसम्पादन गर्न सक्नेछ।

(२) दफा ३३ बमोजिम पद रिक्त भई तत्काल पदपूर्ति हुने अवस्था नरहेमा विश्वविद्यालयको स्वीकृत दरबन्दीमा उपकुलपतिको स्वीकृति लिई केन्द्रीय विभागका कर्मचारीलाई रजिष्ट्रारले, अध्यापकलाई डीनले र अन्य

कर्मचारीको हकमा सम्बन्धित निर्देशकले करार गरी काममा लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम करारबाट काममा लगाइएका अध्यापक तथा कर्मचारीको काम, कर्तव्य, अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका सर्त त्यस्तो करारमा उल्लेख भए बमोजिम हुनेछ।

३३. **पदाधिकारीको पद रिक्त हुने अवस्थाः** देहायका अवस्थामा पदाधिकारीको पद स्वतः रिक्त भएको मानिनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) यस ऐन बमोजिम पदबाट हटाइएमा,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय पाएमा,

(ङ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले पदमा रही काम गर्न असमर्थ भएमा, वा

(च) निजको मृत्यु भएमा।

## परिच्छेद-६

## विश्वविद्यालयको कोष, लेखा र लेखापरीक्षण

३४. **विश्वविद्यालयको कोषः** (१) विश्वविद्यालयको एउटा छुट्टै कोष हुनेछ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति वा संस्थाबाट चन्दा, दान, दातव्य वा आर्थिक सहायतास्वरूप प्राप्त रकम,

(घ) विदेशी व्यक्ति वा सरकार र अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) शिक्षण शुल्कबाट प्राप्त रकम,

(च) विश्वविद्यालयको बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारबाट प्राप्त रकम, र

(छ) विश्वविद्यालयले आर्जन गरेको अन्य सबै प्रकारको रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नुअघि विश्वविद्यालयले नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) विश्वविद्यालयको कोषको रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजतपत्रप्राप्त वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) विश्वविद्यालयको सबै खर्चहरू विश्वविद्यालय परिषद्बाट स्वीकृत भए बमोजिम उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) विश्वविद्यालयको कोष र खाता सञ्चालन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

३५. **लेखा र लेखापरीक्षणः** (१) विश्वविद्यालयले आफ्नो आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ।

(२) विश्वविद्यालयले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) विश्वविद्यालयको आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिमको दर्तावाला लेखापरीक्षकमध्ये परिषद्बाट नियुक्त लेखापरीक्षकबाट गराउनु पर्नेछ।

(४) विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-७
## विविध

३६. **शिक्षण पद्धति तथा शैक्षिक कार्यक्रमको मूल्याङ्कनः** विश्वविद्यालयबाट सञ्चालन गरिने शैक्षिक कार्यक्रम, शिक्षण पद्धति तथा विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **प्रमाणपत्र र उपाधि तथा समकक्षता र स्तर निर्धारणः** (१) विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको प्रमाणपत्र र उपाधि प्रदान गर्नेछ।

(२) विश्वविद्यालयले अनुसन्धान र प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

(३) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई आफ्नो

प्रयोजनको लागि मान्यता, समकक्षता र स्तर निर्धारण गर्न सक्नेछ।

(४) प्रमाणपत्र, उपाधि, समकक्षता, मान्यता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. **पदाधिकारीको सेवा सुविधा तथा पारिश्रमिकः** (१) कुलपति तथा सदस्यको सेवा र सुविधा परिषद्बाट निर्धारण भए बमोजिम हुनेछ।

(२) कुलपति तथा सदस्य बाहेक अन्य पदाधिकारीको सेवा सुविधा, पारिश्रमिक तथा सेवाका अन्य सर्तहरू तोकिए बमोजिम हुनेछ।

३९. **विद्यार्थी भर्ना हुन चाहिने योग्यताः** विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थी तथा अनुसन्धानकर्ताको योग्यता तोकिए बमोजिम हुनेछ।

४०. **निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्तिः** (१) विश्वविद्यालयमा भर्ना भएका दलित, सीमान्तकृत, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एक पटक मात्र उपभोग गर्न पाउनेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको निःशुल्क छात्रवृत्ति सहित सिट सुरक्षित गरिनेछ।

(५) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका व्यक्ति र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ।

(६) सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ।

४१. **सम्बन्धन वा स्वीकृति नदिने**: विश्वविद्यालयले अन्य शैक्षिक संस्थालाई सम्बन्धन वा स्वीकृति दिने छैन।

४२. **काम कारबाही बदर नहुने**: पदाधिकारीको स्थान रिक्त भएको वा पदाधिकारीको नियुक्ति वा मनोनयनमा त्रुटि भएको कारणले मात्र त्यस्तो पदाधिकारी संलग्न भई गरेको विश्वविद्यालयको कुनै काम कारबाही बदर हुने छैन।

४३. **कार्य जिम्मेवारी तोक्न सक्ने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि रजिष्ट्रार, डीन वा निर्देशकमध्ये कुनै पदमा नियुक्ति नभएसम्मको लागि कार्यकारी परिषद्ले त्यस्तो पदाधिकारीले गर्ने काम यस ऐन बमोजिम सम्बन्धित पदको लागि आवश्यक योग्यता पुगेको अर्को कुनै पदाधिकारीले सम्पादन गर्न सक्ने गरी तोक्न सक्नेछ।

४४. **वार्षिक प्रतिवेदन**: (१) विश्वविद्यालय परिषद्ले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन विश्वविद्यालय अनुदान आयोगमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा खुलाउनु पर्ने विषयहरू तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि विश्वविद्यालय अनुदान आयोगले विश्वविद्यालयको उपलब्धि, विश्वविद्यालय र अनुदान आयोगबीच अनुदान निर्धारणको क्रममा गरिएको सहमति बमोजिम विश्वविद्यालयको लक्ष्यको तुलनामा आधारित विश्लेषणात्मक विवरण सहितको विश्वविद्यालयको प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ।

४५. **समिति वा कार्यदल गठन**ः (१) विश्वविद्यालयले आवश्यकता अनुसार समिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा कार्यदलको काम, कर्तव्य र अधिकार त्यस्तो समिति वा कार्यदल गठन गर्दाका बखत तोके बमोजिम हुनेछ।

४६. **बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार**ः (१) विश्वविद्यालयले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम विश्वविद्यालयमा सुरक्षित रहनेछ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालयमा संलग्न रही अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति आर्जनमा संलग्न अनुसन्धानकर्ता वा अन्य व्यक्तिलाई पहिचान वा पुरस्कार वा तोकिए बमोजिम रोयल्टीको केही हिस्सा उपलब्ध गराउन सक्नेछ।

४७. **विदेशी नागरिक वा गैरआवासीय नेपाली नागरिकलाई नियुक्ति वा मनोनयन गर्न सकिने**ः विश्वविद्यालयमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने विदेशी नागरिक वा गैरआवासीय नेपाली नागरिकलाई कुलपति बाहेकको पदाधिकारी वा अध्यापक वा अनुसन्धानकर्ता पदमा नियुक्ति वा मनोनयन गर्न सकिनेछ।

४८. **स्वार्थ बाझिएमा काम कारबाही गर्न नहुने**: यस ऐन अन्तर्गत मनोनयन वा नियुक्त हुने पदाधिकारीले विश्वविद्यालयको हित वा सरोकारसँग स्वार्थ बाझिने देखिएमा निज त्यस्तो काम कारबाही वा निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैन।

४९. **बाह्य मूल्याङ्कन गरिने**: (१) विश्वविद्यालयले प्रत्येक तीन वर्षमा विश्वविद्यालयबाट भए गरेका काम कारबाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धि लगायतका विषयमा तोकिए बमोजिम बाह्य मूल्याङ्कन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बाह्य मूल्याङ्कनको प्रतिवेदन परिषद्मा पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कन प्रतिवेदन विश्वविद्यालय परिषद्ले तीन वर्षको अवधि समाप्त भएको मितिले छ महिनाभित्र मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेस गर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन नेपाल सरकार समक्ष पेस भएपछि त्यस्तो प्रतिवेदन विश्वविद्यालयले सार्वजनिक गर्नेछ।

५०. **निरीक्षण र जाँचबुझ गरी निर्देशन दिन सक्ने**: (१) दफा ४४ बमोजिमको वार्षिक प्रतिवेदन, दफा ४९ बमोजिमको बाह्य मूल्याङ्कन प्रतिवेदन वा अन्य कुनै माध्यमबाट प्राप्त सूचनाको आधारमा विश्वविद्यालयको काम कारबाही वा प्रगति सन्तोषजनक नदेखिएमा वा विश्वविद्यालयमा अनियमितता वा भ्रष्टाचार भएकोमा वा विश्वविद्यालयले आफ्नो उद्देश्य अनुरूप काम कारबाही गर्न नसकेकोमा वा अन्य कुनै कारणबाट विश्वविद्यालयको सञ्चालनमा बाधा उत्पन्न भएकोमा

मन्त्रालयले देहाय बमोजिमको निरीक्षण तथा जाँचबुझ समिति गठन गरी विश्वविद्यालयको काम कारबाहीको निरीक्षण र जाँचबुझ गर्न वा गराउन सक्नेछः-

(क) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग - अध्यक्ष

(ख) अर्थशास्त्र, लेखा,व्यवस्थापन क्षेत्रका विज्ञहरूमध्येबाट एकजना - सदस्य

(ग) शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट एकजना - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले निरीक्षण र जाँचबुझ गरी सुझाव सहित मन्त्रालयमा प्रतिवेदन पेस गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन कार्यान्वयन गर्न मन्त्रालयले विश्वविद्यालयलाई आवश्यक निर्देशन दिनेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा कुनै पदाधिकारीलाई हटाउनु पर्ने भएमा दफा २५ बमोजिम गर्न मन्त्रालयले निर्देशन दिन सक्नेछ।

(५) उपदफा (३) र (४) बमोजिमको निर्देशन कार्यान्वयन गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ।

(६) विश्वविद्यालयको सञ्चालनमा कुनै किसिमले बाधा अवरोध भएकोमा मन्त्रालयले विश्वविद्यालय सञ्चालनको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।

५१. <u>**विश्वविद्यालयको सम्पत्ति नेपाल सरकारको हुने**</u>ः कुनै कारणबाट विश्वविद्यालय सञ्चालन हुन नसकी विघटन भएमा विश्वविद्यालयको सम्पूर्ण सम्पत्ति नेपाल सरकारको हुनेछ।

कानून तथा न्याय मन्त्रालय

५२.	**अधिकार प्रत्यायोजनः** (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञिक परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार तोकिएको निकाय वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कार्यकारी परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै पदाधिकारी वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(४) कुनै पदाधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतका कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५३.	**सूचना प्रविधिको प्रयोगः** (१) विश्वविद्यालयले विश्वविद्यालयको काममा आवश्यकता अनुसार सूचना तथा सञ्चार प्रविधिको उपयुक्त माध्यम प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रविधि प्रयोग गरी भए वा गरेको कुनै पनि काम कारबाही, पठनपाठन, मूल्याङ्कन वा परीक्षा सञ्चालन रीतपूर्वक भए वा गरेको मानिनेछ।

५४.	**शिक्षण शुल्क निर्धारण गर्नेः** (१) परिषद्ले विश्वविद्यालयमा अध्ययन वा अनुसन्धान गर्ने विद्यार्थी वा अनुसन्धानकर्ताले बुझाउनु पर्ने शिक्षण शुल्क निर्धारण गर्नेछ।

तर विश्वविद्यालयले कुनै विद्यार्थी अनुसन्धानकर्तालाई कुनै खास विषयमा अनुसन्धान गर्ने प्रयोजनको लागि नियुक्त गरेको वा तोकेकोमा त्यस्तो विद्यार्थी वा अनुसन्धानकर्तालाई पारिश्रमिक उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम शुल्क निर्धारण गर्दा नेपाली नागरिक तथा विदेशी नागरिकको लागि फरक-फरक शुल्क र फरकफरक सर्त हुने गरी तोक्न सक्नेछ।

(३) विदेशी नागरिकले विश्वविद्यालयमा अध्ययन गर्दा परिषद्ले अन्यथा निर्णय गरेकोमा बाहेक विदेशी मुद्रामा शुल्क भुक्तानी गर्नु पर्नेछ।

**५५.** **<u>नेपाल सरकारसँग सम्पर्क</u>**: विश्वविद्यालयले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

**५६.** **<u>ऐन कार्यान्वयन मापन</u>**: यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नु पर्नेछ ।

**५७.** **<u>नियम बनाउने अधिकार</u>**: (१) यस ऐनको कार्यान्वयनको लागि परिषद्ले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी देहायका विषयमा नियम बनाउन सकिनेछ:-

(क) कुलपति र सदस्य बाहेक अन्य पदाधिकारीको सेवा सुविधा, पारिश्रमिक तथा सेवाका सर्त सम्बन्धी विषय,



कानून किताब व्यवस्था समिति

(ख) अध्यापक तथा विश्वविद्यालयका कर्मचारीको सेवा सुविधा, पारिश्रमिक तथा सेवाका सर्त सम्बन्धी विषय,

(ग) आर्थिक प्रशासन सम्बन्धी विषय,

(घ) खरिद सम्बन्धी विषय, र

(ङ) ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयहरू।

(३) उपदफा (२) बमोजिम नियम बनाउँदा नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

**५८.** **खारेजी र बचाउ**: (१) नेपाल विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७ खारेज गरिएको छ।

(२) नेपाल विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यो ऐन प्रारम्भ भएपछि नेपाल विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिको सम्पूर्ण सम्पत्ति तथा दायित्व विश्वविद्यालयमा सर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय